**अनुसूची-२**
**(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)**

## अग्नीसाईर कृष्णासवरन गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड-६** **संख्या : ६** **मिति : २०८०/०३/१५ गते**

भाग–२
अग्नीसाईर कृष्णासवरन गाउँपालिका

# मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८०

ऐन तथा सभाले बनाएको नियमको सम्पुर्ण व्यहोरा

**आज्ञाले,**
**अरबिन्द कुमार चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**

# अग्नीसाईर कृष्णासवरन गाउँपालिका
## को

# मर्मत सम्भार कोष संचालन कार्यबिधि–२०८०

**प्रमाणिकरण मिति: २०८०।०३।१५गते**

**अग्नीसाईर कृष्णासवरन गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**सीतापुर, सप्तरी**

**मधेश प्रदेश, नेपाल**

**अग्नीसाईर कृष्णासवरन गाउँपालिका**

# मर्मत सम्भार कोष संचालन कार्यविधि -२०८०

**प्रस्तावना:**

भौतिकपूर्वाधार विकासको आधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिचाई,भवन जस्ता पूर्वाधारहरुले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सर्वसुलभ यातायात, सिचाईको पहुँच ग्रामीण क्षेत्रसम्म पुऱ्याउने गाउँपालिकाको लक्ष्यपनिहो । नगर गाउँ क्षेत्रमा सडकहरुको ट्र्याक खन्ने कार्य बढ्दो छ र बनिसकेको सडकमा यातायात सूचारु गर्नको लागितथा सुरक्षित र भरपर्दो यात्राको लागि सडक मर्मत गर्नु पर्ने जरुरी हुन्छ । तसर्थ सडक, सिचाई, भवन जस्ता पूर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो बनाउनको लागिमर्मत सम्भार कोष स्थापनागर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी अग्नीसाईर कृष्णासवरन गाउँपालिकाले यो कार्यविधिबनाएको छ ।

## परिच्छेद-१ (एक)

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम“मर्मत सम्भार कोष संचालननिर्देशिका-२०८०” रहने छ ।

(ख) यो निर्देशिकातत्काललागु हुनेछ ।

**२. परिभाषा:**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **“निर्देशिका”**भन्नाले मर्मत सम्भार कोष संचालननिर्देशिका, २०८० लाई बुझाउनेछ ।

(ख) **“गाउँपालिका”**भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिकालाई सम्झिनु पर्दछ ।

(ग) **“स्थानीय तह”**भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) **“उपभोक्ता समिति”**भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको टोल र बस्ती क्षेत्रमा सञ्चालनहुने आयोजनाबाट प्रत्यक्ष सेवापुग्ने समूहबाट उक्त योजना संचालनगर्न बनेको संगठन भन्ने बुझाउनेछ ।

## परिच्छेद-२ (दुई)

**३. व्यवस्थापन समिति:**

(क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालनगर्न देहायबमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (१) | गाउँपालिकाअध्यक्ष | अध्यक्ष |
| (२) | पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| (३) | वन, वातावरण तथाविपद् व्यवस्थापन समिति संयोजक | सदस्य |
| (४) | प्रमुखप्रशासकीयअधिकृत | सदस्य |

(५) गाउँकार्यपालिकाका सदस्यहरु मध्येबाट १जनामहिला सहित समितिले तोकेको २ जना — सदस्य

(६) पूर्वाधार विकास शाखाप्रमुख — सदस्य - सचिव

## परिच्छेद-३ (तीन)

### ४. कोष स्थापना :

मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापनागरिनेछ,जसमा देहायबमोजिमको रकमजम्माहुनेछ:

(क) नेपाल सरकारबाट प्राप्तअनुदान रकम

(ख) प्रदेश सरकारबाट प्राप्तहुने रकम ।

(ग) गाउँसभाबाटविनियोजितभएको रकम ।

(घ) राष्ट्रिय तथाअन्तर्राष्ट्रिय गैससहरुबाट प्राप्तहुने रकम ।

(ङ) गाउँपालिका क्षेत्रभित्र संचालनहुने पूर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमको १% ले हुनआउने रकम ।

(च) ऋणबाट प्राप्तहुने रकम ।

(छ) अन्य स्थानीय तहबाट मर्मत सम्भार वापतप्राप्तहुने रकम ।

(ज) विविध ।

### ५. कोष सञ्चालन :

(१) कोषको नाममाप्राप्तहुनआएको रकमअग्नीसाईर कृष्णासवरन गाउँपालिकाको नाममामर्मत सम्भार कोष खाताखोलीजम्मागरिनेछ ।

(२) कोषको खाताप्रमुखप्रशासकीयअधिकृत र लेखाअधिकृत वाआर्थिक प्रशासनशाखाप्रमुखको संयुक्त दस्तखतबाट संचालनहुनेछ ।

(३) कोषको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परीक्षण शाखाले गर्नेछ ।

(४) कोषको अन्तिम लेखा परीक्षण प्रचलितकानुनबमोजिमहुनेछ ।

## परिच्छेद-४ (चार)

### ६. कोषको खर्च प्रणाली :

मर्मत सम्भार कोषमाजम्माहुनआएको रकम देहायबमोजिमको पूर्वाधार विकासको मर्मत संभारको नियमित, पटके र आकस्मिकमर्मत सम्भार सम्बन्धितकार्यमामात्रखर्च गरिनेछ ।

(१) सडक, कल्भर्ट, पूल, ढल आदिको मर्मत सम्भार सम्बन्धीकार्य ।

(२) सिंचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत सम्भार सम्बन्धीकार्य ।

(३) विद्यालयको भौतिकपूर्वाधार मर्मत सम्बन्धीकार्य ।

(४) सार्वजनिकनिकायकाभौतिक संरचनाएवं भवनहरुको मर्मत सम्भार सम्बन्धीकार्य ।

## ७. मर्मत सम्भारको लागि छनौटको मापदण्ड :

उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालयव्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वाआवधिकमर्मत सम्भारकालागिएकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनिमागभई आएका योजनाहरु र गाउँपालिकाले आवश्यक ठानेका देहायकाआधारमाप्राथमिकतानिर्धारण गरी छनौट गर्नुपर्नेछ ।

(क) सबैभन्दा बढी क्षतीभएको भौतिक संरचनाहरु ।

(ख) नगरतथागाउँयातायातगुरुयोजनाMTMP मा परेका सडकहरु ।

(ग) भौतिक संरचनातथापूर्वाधारको महत्वको आधारमा ।

(घ) लाभाविन्तहुने जनसंख्यावा घरधूरीको आधारमा ।

(ङ) मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा ।

(च) सार्वजनिकभौतिक संरचनाको दीर्घकालीनउपयोगिता र आवश्यकताको आधारमा ।

(छ) दुई वादुई भन्दा बढी स्थानीयतहलाई जोड्ने सडक, कृषि सडक, ग्रामीण सडक, पुलपुलेसा, कल्र्भट, कुलो पैनी, बाँधआदी ।

## ८. मर्मत सम्भार कार्य गराउने व्यवस्था :

नगर भित्र रहेकाभौतिक संरचनाहरुको नियमितमर्मत सम्भार, पटके मर्मत संभार, आवधिकमर्मत सम्भार स्थानीयउपभोक्ताबाट अधिकतम रुपमा स्थानीयश्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालनगरिनेछ । गाउँपालिका क्षेत्रभित्र रहेको भौतिकसंरचनानियमितमर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिकमर्मत सम्भार, आकस्मिकमर्मत सम्भार प्रचलितकानुनबमोजिमहुनेछ ।

# परिच्छेद-५ (पाँच)

## ९. संशोधन वा खारेजी :

(क) मर्मत सम्भार कोष संचालननिर्देशिका संशोधनवाखारेज गर्नु परेमागाउँकार्यपालिकाबाट हुनेछ ।

(ख) यो निर्देशिकामाउल्लेख गरिएका कुराहरुको हकमा यसै निर्देशिकाअनुसार र उल्लेख नभएको हकमाप्रचलित ऐन नियमअनुसार हुनेछ ।

(ग) यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वत:निष्कृय हुनेछ ।